


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २ गते शुक्रबार ❑ 17 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कांग्रेस महामन्त्रीमा थापा र शर्मा विजयी

रासस
काठमाडौं, १ पुस

नेपाली कांग्रेसको महामन्त्री पदमा गगनकुमार थापा र विश्वप्रकाश शर्मा निर्वाचित हुनुभएको छ।

काँग्रेसको १४औं महाधिवेशनअन्तर्गत गत मङ्सिर २७ गते सम्पन्न निर्वाचनको अन्तिम मतगणना अनुसार महामन्त्री द्वयमा उहाँहरु निर्वाचित हुनुभएको हो । पार्टी केन्द्रीय कार्यालय सानेपामा भर्खरै सम्पन्न मतगणनामा अनुसार थापाले तीन हजार २३ र शर्माले एक हजार ९८४ मत प्राप्त गर्नुभएको हो।

त्यसैगरी महामन्त्रीका अन्य उम्मेदवारहरु क्रमशः डा प्रकाशशरण महतले एक हजार एक हजार ५५६, प्रदीप पौडेलले एक हजार ३९३, डा मीनेन्द्र रिजालले ८०९ र डा राजाराम कार्कीले १०६ मत प्राप्त गर्नुभएको काँग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ।

चार हजार ६८२ मत गणनामा भएकामा सबैभन्दा बढी मत थापाले ल्याउनुभयो भने शर्माले दोस्रो स्थानमा जीत हासिल गर्नुभएको छ। निर्वाचन समितिका अनुसार महामन्त्री पदमा ४३ मत बदर भएको थियो । महामन्त्री उम्मेदवारको मतगणना बिहान १०:२० बजेदेखि सुरु भएको थियो । कांग्रेस विधानअनुसार केन्द्रीय कार्यसमितिका दुई महामन्त्रीका लागि सोमबार निर्वाचन भएको थियो। उपभापति पदमा पार्टीका युवा नेताहरू थापा, डा महत, पौडेल, डा रिजाल, डा कार्की र शर्मा उम्मेदवार हुनुहुन्थ्यो।



नवनिर्वाचित महामन्त्री गगनकुमार थापाले पार्टीलाई विधिसङ्गत ढङ्गले सुदृढ बनाएर लैजाने बताउनुभएको छ । नेपाली कांग्रेसको १४औं महाधिवेशनबाट महामन्त्रीमा विजय भएपछि पार्टी केन्द्रीय कार्यालय सानेपामा सञ्चारकर्मीसँग कुरा गर्दै बिहिबार उहाँले आफूले महाधिवेशनमा पाएको मतलाई न्याय गर्ने र जिम्मेवारीलाई इमान्दारीपूर्वक निर्वाह गर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "महाधिवेशनमा मलाई महामन्त्री पदको जिम्मेवारी दिलाउने महाधिवेशन प्रतिनिधिलाई धन्यवाद दिन चाहन्छु। यो विश्वास र जिम्मेवारीलाई कुशलतापूर्वक बहन गर्नेछु ।" परिवर्तनका सम्वाहक युवाको भरोसाको पार्टी बनाउन आफू लागिपर्ने उल्लेख गर्दै उहाँले महामन्त्रीमा निर्वाचित गराउने महाधिवेशन प्रतिनिधिलाई एक दिन पनि गलत व्यक्तिलाई छानेछु भन्ने अवस्था आउन नदिने विश्वास दिलाउनुभयो।

उहाँले आफूसँग निर्वाचित भएका पदाधिकारीसँग मिलेर पार्टी सभापतिलाई काम गर्न तागत पुर्याउने र पार्टीलाई व्यवस्थित बनाउने उल्लेख गर्नुभयो । मत धेरै पाउनु भनेको विश्वास पनि धेरै पाउनु हो भन्दै उहाँले परिपक्व ढङ्गबाट जिम्मेवारी निर्वाह गर्ने बताउनुभयो । नवनिर्वाचित अर्का महामन्त्री विश्वप्रकाश शर्माले परिवर्तनको यात्रामा दुई युवालाई महामन्त्रीमा विजयी गराई रूपान्तरणको आकांक्षालाई महाधिवेशनको मतले प्रकट गरेको बताउनुभयो । देशले दुई युवा महामन्त्रीले हल बाँधिएर काम गरुन् भन्ने अपेक्षा गरेकाले आफू सोहीअनुसार अगाडि बढ्ने उद्घोष गर्दै उहाँले निर्वाचनको प्रतिस्पर्धा सकिएकाले अब काममा प्रतिस्पर्धा गरेर देखाउने बताउनुभयो।

निर्वाचनबाट निश्चित व्यक्तिको विजयभन्दा पनि बदलिएको कांग्रेस र बलियो कांग्रेस बनाउने आकांक्षाको जित भएको उहाँले उल्लेख गर्नुभयो। आफूलाई फरकफरक समूहबाट पनि आएका मतको कदर गर्ने विश्वास दिलाउँदै महामन्त्री शर्माले रूपान्तरित कांग्रेस बनाई आगामी निर्वाचनमा विजयी गराउने लक्ष्यका साथ अगाडि बढ्ने धारणा व्यक्त गर्नुभयो।

## अपाङ्गता भएका व्यक्तिहरुको लागि सहयोग गर्छौं: मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, १ पुस



गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले अपाङ्गता भएका व्यक्तिहरुको हकहितको लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने बताउनु भएको छ।

श्रवणदृष्टिबिहिन संघ नेपालले बिहीबार पोखरामा आयोजना गरेको श्रवणदृष्टि विहिनता भएका बालबालिका तथा युवाहरुका लागि तीन दिने स्व वकालत तालिमको उद्घाटन गर्दै मन्त्री बरालले अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक सहयोग गर्ने बताउनु भएको हो।

अपाङ्गता भएका व्यक्तिहरुको पुनः स्थापन केन्द्र स्थापना गर्न प्रदेश सरकारले केही न केही काम गर्ने उहाँले वचन दिनु भयो। प्रदेशमा भएका पुर्ण अपाङ्गता भएका व्यक्तिको लागि स्वास्थ्य बिमा निःशुल्क गाउने विषयमा गृहकार्य भएको मन्त्री बरालले बताउनु भयो । सकरात्मक सोच र भएको सिमित श्रोत साधनको अधिकतम प्रयोग गर्नुपर्ने उहाँको भनाई थियो। अपाङगता भएका व्यक्तिहरुसंग भएको सिप तथा क्षेमतालाई उचित ढंगले प्रयोग गर्नु पर्ने मन्त्री बरालले बताउनु भयो।

प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिवविनोद बहादुर कुंवरले सबै प्रकारका अपाङगता भएका व्यक्तिहरुको लागि सरकार र निजी क्षेत्रले सहयोग गर्नुपर्नु बताउनु भयो। प्रदेश सरकारले कुनै पनि व्यक्ति सडकमा जान नपरोस भन्दै सडक मुक्त मानव प्रदेशमा घोषणा गरेको उहाँले बताउनु भयो। पोखरा महानगरपालिका सामाजिक महाशाखाकी गिता न्यौपानेले महानगरले हरेक महिनाका अन्तिम मंगलबार अपाङगता भएका व्यक्तिहरुको लागि परिचय पत्र वितरण गर्ने गरेको बताउनु भयो। राष्ट्रिय अपाङग महासंघ गण्डकी प्रदेशका अध्यक्ष खुमराज सुवेदीले राष्ट्रिय महासंघ २९ बर्ष पुगे पनि श्रवण दृष्टिविहिनको पहिचान नभएकोले गर्दा हालसम्म अपाङगता भएकाहरुको तथ्याङ नभएको गुनासो गर्नु भयो। तत्काल अपाङगता भएका व्यक्तिहरुको लागि बिद्यालय स्थापन गर्न नसके पनि श्रोत केन्द्र स्थापना गर्नुपर्ने उहाँले माग गर्नु भयो । बहिरा दृष्टिविहिन अभिभावक समाजका अध्यक्ष लाक्पा नुरु शेर्पाले अपाङगता भएका व्यक्तिहरु अधिकांश गरिबीको रेखामुनि भएकोले उहाँहरुको सहयोगी तथा दोभाषे आवश्यक भएको बताउनु भयो। यातायात, अस्पताल, बिद्यालय लगायतका क्षेत्रमा सेवा लिन अपाङगता भएका व्यक्तिहरुको लागि कठिन भएको उहाँको भनाई थियो । राष्ट्रिय बहिरा महासंघका केन्द्रिय अध्यक्ष केपी अधिकारीले भ्रष्टचार अन्त्य गर्न सबै लाग्न आग्रह गर्नु भयो । आफुहरु जस्ता व्यक्तिका माग पुरा गर्न सरकारी निकायमा आलटाल गर्ने गरेको उहाँले बताउनु भयो। सबैको दाहित्व र जिम्मेवार वहन गरी अपाङता भएकाहरुको सिप अनुसारको कामको व्यबस्थापन गर्नुपर्ने अधिकारीले जनाउनु भयो। दृष्टिबिहिन दीपक कहरले सार्वजनिक स्थलमा पहिलो पटक सहभागि भएर आफुहरु जस्ता व्यक्तिहरुसंग भेटभाट गर्न पाउदा खुसि लागेको बताउनु भयो । कक्षा ५ मा अध्ययनरत उहाँले आफु कक्षा १५ सम्म अध्ययन गर्ने इच्छा भएको बताउनु भयो।

भारतमा रहेको सेन्स इन्टरनेशनलका सचिन रिजालले नेपालमा ३ जना मात्र अपाङगता भएका व्यक्तिहरु बारेमा ज्ञान तथा सिप हासिल गरेका दक्ष प्राविधिक भएको बताउनु भयो। नेपालमाप्रशिक्षक प्रशिक्षण आवश्यक भएको बताउदै प्रविधिको प्रयोगले अपाङगता भएकाहरुलाई सहज बनाएको उहाँले बताउनु भयो।

श्रवणदृष्टि बिहिन संघ नेपालका अध्यक्ष पुष्पराज रिजालको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको हो । उक्त तालिम तीन दिनसम्म चल्ने भएको छ। कार्यक्रममा सहभागिहरुलाई अष्ट्रेलिया क्याम्पमा समेत भ्रमण गराइएको थियो । बैकिङ कारोवार गर्न अपाङगता भएका व्यक्तिहरुलाई निकै कठिन भएको उहाँले गुनासो गर्नुभयो।

## रक्षामन्त्री डा रिजालद्वारा राजिनामा

रासस
काठमाडौं, १ पुस

रक्षामन्त्री डा मीनेन्द्र रिजालले आफ्नो पदबाट राजिनामा दिनुभएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवालाई बिहीबार भेट गरी मन्त्री रिजालले राजिनामा पेश गर्नुभएको हो । राजिनामा बुझाएपछि उहाँले अहिले रक्षामन्त्रालयमा पत्रकार सम्मेलन आयोजना गर्नुभएको छ । यसअघि उहाँले सामाजिक सञ्जाल फेसबुकमा पोष्ट गर्दै रक्षामन्त्रीबाट राजिनामा दिने घोषणा गर्नुभएको हो । "नेपाली कांग्रेसको १४औं महाधिवेशनमा मैले प्रतिस्पर्धा गरेको महामन्त्री पदको प्रारम्भिक परिणामबाट नै स्पष्टरुपमा प्राप्त सन्देशलाई दृष्टिगत गर्दै रक्षामन्त्रीको पदबाट राजिनामा दिने निर्णय लिएको छु अन्तिम परिणाम प्राप्त हुनासाथ सम्माननीय प्रधानमन्त्रीसमक्ष राजिनामा पेश गर्नेछु", नेपाली कांग्रेसका नेता डा रिजालले पोष्टमा भन्नुभएको छ।

कांग्रेसको महाधिवेशनअन्तर्गत महामन्त्री पदमा उम्मेदवारी दिनुभएका डा रिजालले मतगणनको प्रारम्भिक नतिजा आएलगत्तै राजिनामा दिने निर्णय गर्नुभएको हो।

## गण्डकीमा २६ कोरोना संक्रमण मुक्त

पोखरापत्र संवाददाता
पोखरा, १ पुस

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा २६ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् । यस अवधिमा १५ जना सङ्क्रमित थपिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

थपिनेमा नवलपरासी बर्दघाट सुस्ता पूर्वका सात, कास्कीका चार, तनहुँका दुई, म्याग्दी र लमजुङका एक/एक रहेको स्वास्थ्य निर्देशनालय प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र गण्डकीका संयोजक नवराज शर्माले जानकारी दिनुभयो । प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या २०० जना रहेको र होम आइसोलेशनमा १८३ जना रहेको निर्देशनालयले जनाएको छ । प्रदेशमा हालसम्म कुल तीन लाख ५४ हजार २९० को कोरोना परीक्षण गरिएकोमा ८८ हजार २१५ जना सङ्क्रमित भएका थिए । जसमध्ये ८६ हजार ५९१ निको भएको र एक हजार ४२४ जनाको मृत्यु भएको जनाइएको छ।

## कांग्रेस उपसभापतिमा खड्का र गुरुङ निर्वाचित

रासस
काठमाडौं, १ पुस

नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत भएको मतदानमा उपसभापति पदमा नेताहरू पूर्णबहादुर खड्का र धनराज गुरुङ निर्वाचित हुनुभएको छ। कांग्रेस विधानअनुसार केन्द्रीय कार्यसमितिका दुई उपसभापतिका लागि भएको निर्वाचनमा खड्का दुई हजार १२१ र गुरुङले एक हजार ९०८ मत प्राप्त गरी विजयी हुनुभएको पार्टीको केन्द्रीय निर्वाचन समितिले जनाएको छ । वर्तमान कार्यसमितिमा खड्का महामन्त्री र गुरुङ केन्द्रीय सदस्य हुनुहुन्छ।

यसैगरी खड्का दोस्रो कार्यकालका लागि सभापतिमा निर्वाचित शेरबहादुर देउवा 'प्यानल'बाट उम्मेदवार हुनुहुन्थ्यो भने गुरुङ सभापति पदका प्रमुख प्रतिस्पर्धी नेता डा शेखर कोइराला 'प्यानल'को उम्मेदवार हुनुहुन्थ्यो । उपसभापतिका अर्का प्रत्यासी विजयकुमार गच्छदार दुई मतले मात्र पराजित हुनुभएको छ । सभापति देउवा 'प्यानल' कै उहाँले एक हजार ९०६ मत प्राप्त गर्नुभएको छ । समितिका अनुसार उपसभापतिका अन्य प्रत्यासी डा चन्द्र भण्डारीले एक हजार ५८०, सुजाता कोइरालाले ६४४, महेश आचार्यले ५८९ र दिव्यश्वरी शाहले १३२ मत प्राप्त गर्नुभएको छ । कांग्रेसले विधानतः उपसभापतिको निर्वाचन पहिलोपटक गरेको हो । यसअघि उपसभापति मनोनीत हुने प्रावधान थियो । सोमबारको निर्वाचनको मतगणना बुधबार साँझदेखि सुरु भई आज बिहान १ बजे सम्पन्न भएको थियो । मतगणना पार्टी केन्द्रीय कार्यालय सानेपामा भएको हो । सोमबारको मतदानमा चार हजार ७४३ मतदातामध्ये चार हजार ६८९ मतदाताले मतदान गरेका थिए । कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्य गरी १३४ पदका लागि मतदान भएको थियो । सभापति पदको भने महाधिवेशनस्थल राष्ट्रिय सभागृहमा बुधबार मतगणना सम्पन्न भई प्रधानमन्त्री एवं पार्टी सभापति देउवा पुनः सभापतिमा निर्वाचित भइसक्नुभएको छ । सभापतिबाहेक अन्य पदको मतगणना कांग्रेस केन्द्रीय कार्यालय सानेपामा सुरु गरिएको हो। उपसभापति पदको मतपरिणाम घोषणापछि अन्य पदाधिकारी र केन्द्रीय सदस्य पदको मतगणना सुरु गरिने बताइएको छ । केन्द्रीय कार्यसमितिका पदाधिकारीमध्ये एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ । कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्यमध्येबाट निर्वाचित हुने व्यवस्था छ।

यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाति १५, खस/आर्य १३, मधेसी नौ, थारु चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यकबाट एक, अपाङ्गता भएकाबाट एक सदस्य गरी कूल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने हालको विधानको व्यवस्था छ । यसबाहेक केन्द्रीय सभापतिले ३३ जना मनोनीत गर्ने विधानमा उल्लेख छ।

सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

## पोखरा २३ मा चापाकोट महोत्सव सुरु

# ऐतिहासिक बस्तुको संरक्षण सहित विकास गर्न मन्त्री बरालको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, १ पुस**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले समृद्धिको नाममा नेपालका ऐसिहासिक बिषय बस्तुलाई भत्काउन तथा बिर्गान नपाइने बताउनु भयो ।

पोखरा २३ स्थित चापाकोट पर्यटन प्रबर्द्धन समितिको आयोजना विहिबार देखि सुरु भएको चापाकोट सांस्कृतिक महोत्सवको उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो । नेपाली कला संस्कृति एवं ऐतिहासिक बिषय बस्तुहरुको संरक्षण गर्नूपर्ने उहाँको भनाई थियो । पोखराको मुख्य बजार देखि चापाकोटको बाटो स्तरोन्नती गर्न बिषेश पहल गर्ने मन्त्री बरालले बताउनु भयो । सके यही आर्थिक बर्ष अन्यथा आगामी आर्थिक बर्षमा केही न केही देखिने गरी काम गर्ने मन्त्री बरालले वचन दिनु भयो । प्रदेश सरकारले पर्यटनलाई विकासको पहिलो पूर्वाधार विकासको रुपमा अघि बढाएकोले गाउँ गाउँमा होमस्टेलाई प्रबर्द्धन



गर्नुपर्ने मन्त्री बरालले बताउनु भयो । बजारबाट टमटर, खुर्सानी सहितका फलफुल तरकारी होमस्टेमा लगेर खाने प्रवृत्तिको अन्त्य गर्नुपर्ने उहाँको भनाई थियो । स्थानियको माग अनुरुप आवश्यकताको आधारमा प्रदेश सरकारले सहयोग गर्ने मन्त्री बरालले बताउनु भयो ।

माओबादी केन्द्रका नेता समेत रहेका मन्त्री बरालले एकात्मक राज्य प्रणालीका कारण सम्भावना भएका ठाँउमा विकास नभएको दाबी गर्नु भयो । फेवाताल बचाउदै ताल परिवरीको क्षेत्रको विकास गर्नु पर्ने मन्त्री बरालको भनाई छ । पुष ५ गतेसम्म संचालन हुने उक्त महोत्सवको विहिबार उद्घाटन गर्दै मन्त्री बरालले दीप प्रज्जवलन सहित चमराले पिङ खेलेर महोत्सवको उद्घाटन गर्नु भएको हो । कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले चापाकोट होमस्टेमा बजारबाट ल्याएको कोक, र वियर भन्दा गाउँमा उत्पादन भएको दुध दही जस्ता पदार्थको प्रबर्द्धन गर्न आग्रह गर्नु भयो । पोखरा बजारमा रहेका होटलको भन्दा फरक खाना र सेवा दिन सके होमस्टेबाट आर्थिक विकास हुने उहाँको भनाई थियो । पोखरा २३ का वडा अध्यक्ष बिष्णु प्रसाद पराजुलीले सडक बाटो स्तरोउन्नती र फेवाताल संरक्षण गर्नु पर्ने बताउनु भयो । युवा व्यावसायी एवं वाईयूके सुपरमार्केटका संचालक युवराज खतिवडाले उक्त महोत्सवमा एक लाख दिदै उक्त महोत्सवलाई सफल पार्न सवैको साथ र सहयोग आवश्यक भएको बताउनु भयो । पूर्व गाविस अध्यक्ष भेषराज पराजुलीले पोखराको मुख्यबजार देखि चापाकोट नजिक नभएर पनि सडकको कारण स्थानियले सास्ती भोग्नु परेको गुनासो गर्नु भयो । स्थानिय शिवलाल पराजुलीले व्यक्तिगत २५ हजार सहित अन्य व्यक्तिहरुबाट संकलन गरेको एक लाख ७५ हजार महोत्सवलाई सहयोग गर्नु भएको छ । समितिका अध्यक्ष एवं महोत्सव संयोजक भिम पराजुलीको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा दोहोरी गित तथा पन्चे नीक खानाका परिकार उपलब्ध गराईएको सचिव पराजुलीले बताउनु भयो । महोत्सवमा राष्ट्रिय तथा स्थानिय कलाकारबाट राष्ट्रिय दोहोरी गित प्रतियोगिता, भजन प्रतियोगिता लगायतका विभन्नि प्रतियोगिताहरु हुने भएको समितिले जनाएको छ ।




पोखरा मुख्य बजार क्षेत्रमा कालोपत्रेः पोखरा महानगरद्वारा पोखराको मुख्य बजारक्षेत्र महेन्द्रपुलमा अस्फाल्ड प्रविधिद्वारा कालोपत्रे गरिँदै । तस्बिरः जमुनावर्षा शर्मा

# सिद्धार्थ बैंक पर्स्याङका सेवाग्राहीलाई युआरएलमा छुट

**हुमा परियार/सुस्मिता श्रेष्ठ**
**पोखरा, १ पुस**

पोखराका पर्स्याङमा रहेको सिद्धार्थ बैंकको शाखा कार्यालयका ग्राहक र त्यसका सेवाग्राहीले स्वास्थ्य प्रयोगशालामा छुट पाउने भएका छन् ।

गण्डकी प्रदेशको पहिलो रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल) र बैंकको शाखाबीच बिहीबार यो सम्झौता भएको हो । सम्झौतापत्रमा युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्त र बैंकका पर्स्याङ शाखा प्रमुख अनिरुद्ध बरालले हस्ताक्षर गरेका छन् । अब युआरएलमा हुने सबै रक्त परीक्षणमा सिद्धार्थका सेवाग्राही र कर्मचारीले ३० प्रतिशत छुट पाउने छन् ।

सर्वसाधारणलाई सहज र सुलभ तवर गुणस्तरीय सेवा दिन विभिन्न संघ, संस्थासँग सहकार्य गर्दै आएको युआरएल अध्यक्ष पन्तले बताए । युआरएलसँग छुट सम्झौता भएको यो ४६ औं संस्था हो । पोखराको सभागृहचोकमा प्रधान कार्यालय रहेको युआरएलले पोखराकै हस्पिटलचोक, दुलेगौंडा, दमौली, वेंसीसहर र वालिङबाट सेवा दिइरहेको छ । विद्यार्थी पत्रकार

# खाजा खर्च बचाएर लेकसिटीका विद्यार्थीले खुवाए असहायलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १ पुस**

पोखरा महानगरपालिका वडा नं ४ गैह्रापाटन स्थित लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरमा पत्रकारिता र सामाजिक कार्य अध्यनरत विद्यार्थीले पोखरामा रहेका सडक मानवलाइ विहीवार खाजा वितरण गरेका छन् । सडकमा रहका बालबालिका, किशोर देखी बृद्धबृद्धाहरुलाइ खाता वितरण गरेका हुन् ।

एकदिनको खाजा नखाएर विद्यार्थीले पोखराका विभिन्न ठाउँमा जाडोमा कठ्याङग्रिदै सडकमा छरिएर रहेकाहरुलाई विहानै देखी खाजा वितरण गर्दै हिंडेका थिए । कलेजमा प्रथम वर्ष, द्धित्तिय वर्ष र तृत्तिय वर्षमा अध्ययनरत विद्यार्थीहरु विहानैदेखी पोखराको चोकचोमा पुगेर २५ जनालाइ चिया, खाता खुवाइएको छ । आफूहरुले एक विहान खाने समसा, चिया र डुनोट नखाइ बाटोमा भेट्टिएका मानवहरुलाई खाजा खुवाएको लेकसिटी कलेजमा



विए प्रथम वर्षमा पत्रकारिता अध्ययनरत स्मृति काफ्लेले पोखरापत्रालइ वताइन् । 'प्राय सडकमा अव्यवस्थित रुपमा छरिएररहेका बालबालिका हुन् या वृद्धवृद्धालाई हेला गरेको, घृणा गरेको धेरै भेटिन्छ,' काफ्लेले भनिन्, 'तर उनीहरु पनि हामी जस्तै मानव हुन्, माया दिन सक्यो भने उनीहरुको पनि जीवनशैली फेरिन सक्छ ।' भोको पेट लिएर बसेकाहरुलाई खाजा खुवाएर र माया दिँदा खुसी लागेको काफ्लेले सुनाइन् । चिया र खाजा पाएका वृद्धवृद्धाले विद्यार्थीहरुलाई शिरमा हात राखेर आशीर्वाद दिएका थिए ।

सामाजिक कार्य विषय पढिरहेको हुँदा त्यसको व्यावहारिक अभ्यास स्वरुप विद्यार्थीहरुले परोपकारका लागि खाजा वितरण कार्यक्रम गरेका हुन् । उक्त कलेजका विद्यार्थीहरुले यसअघि पनि समाजसेवा र कार्यको विभिन्न व्यावहारिक अभ्यास गर्दै आइरहेका छन् ।

# पोखरामा नाटक लेखन कार्यशाला सुरु

**हुमा परियार/सुस्मिता श्रेष्ठ**
**पोखरा, १ पुस**

गण्डकी प्रज्ञा प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा पोखरामा बिहीबारबाट नाटक लेखन कार्यशाला सुरु भएको छ ।

कार्यशालाको उद्घाटन समारोहमा बोल्दै सहजकर्ता समेत रहनुभएका लेखक, निर्देशक तथा कलाकार खगेन्द्र लामिछानेले पछिल्लो क्रममा पोखरामा नाट्य गतिविधि बढ्दै गएकोमा खुशी व्यक्त गर्नुभयो ।

कार्यशालामा सहभागी भएका सबैजनालाई नाटक लेख्ने बनाएर छोड्ने उहाँको प्रतिबद्धता छ । 'कार्यशाला सफलता उन्मुख छ, विभिन्न ठाउँबाट सहभागी आउनुभएको छ, प्रोसेसको बारेमा सिकाएर सबैलाई नाटक लेख्ने बनाएर छोड्छु' प्रशिक्षक लामिछानेले भन्नुभयो ।




पोखराबाटै आफ्नो कलाकारिता क्षेत्रको यात्रा सुरु गर्नुभएका लामिछानेले पोखरामा आफैले नाटकघर सञ्चालन गर्ने सपना देखेको भएपनि पुरा नभएको खुलाउनुभयो ।

'करियर पोखराबाट सुर भएको हुनाले मेरो पोखरासँग विशेष सम्बन्ध रहेको छ, हुनत मेरो जन्म पनि पोखरामानै भएको हो । काठमाडौमा नाटक घर गर्दाखेरी पोखरामा नाटकघर खोलेर बस्छु भन्ने सपना देखें, जग्गा हेर्न धेरैं ठाउँमा हिडे, तर भनेजस्तो ठाउँ भेटिन, मलाई लेखेको थिएन सायद, काठमाण्डौ फर्किए, पछि सुने नाटक घर खुल्यो भनेर त्यतिबेला म निकै खुशी भएको थिए' उहाँले सुनाउनुभयो ।

पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकालको अध्यक्षतामा भएको नाटक लेखन कार्यशाला उद्घाटन कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्ची, उपकुलपति गोरे गुरुङ, सदस्य सचिव मनकुमार श्रेष्ठ र कार्यक्रम संयोजक सुरेन्द्र गुरुङले बोल्नुभएको थियो ।

कार्यशालामा ८ जना सहभागी छन् । जसमा गुल्मीकी रिता ज्ञवाली, झापाकी गीता बुढाक्षेत्री, संखुवासभाकी पत्रिका घिमिरे, हुम्लाका नरेन्द्र बुढाथोकी रहेका छन् । यसैगरी कास्कीका शरद भण्डारी, दर्शन कुँवर, अजय जिसी र रोशनी श्रेष्ठ समेत कार्यशालामा सहभागी छन् । देशभरबाट आवेदन दिन मिल्ने गरी खुल्ला रुपमा आवेदन खुलाइएकोमा आवेदन दिने मध्येबाट उनीहरु छानिएको कार्यशालाका संयोजक एवं गण्डकी प्रज्ञा प्रतिष्ठानका संगीत नाट्य तथा संस्कृति विभाग प्रमुख सुरेन्द्र गुरुङले जानकारी दिनुभयो । पोखरा थिएटरसँगको सहकार्यमा सञ्चालन हुने कार्यशाला पौष ११ गतेसम्म चल्नेछ ।

**जाडोबाट बच्न निम्न उपायहरू अबलम्बन गरौं**

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौँ,
- न्यानो कपडा लगाऔँ,
- घाम वा आगो तापौँ,
- तेल मसाज गरौँ,
- शारिरिक व्यायाम गरौँ,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौँ,
- ताजा र पौष्टिक खानेकुरा खाऔँ,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौँ,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔँ ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

